## "आन्तरिक पशुपन्छी विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८१",

स्वीकृत मिति २०८१/०९/२६ गते

यस मकवानपुरगढी गाउँपालिका भित्र कार्यान्वयन गरिने पशुपन्छी विकास कार्यक्रम सम्वन्धि कार्यविधि २०८१ मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय मक्रांचुली मकवानपुरवाट आर्थिक वर्ष ८१/०८२ मा पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि प्राविधिक हस्तान्तरण क्षमता अभिवृद्धि, उत्पादन प्रोत्साहन अनुदान दिगो विकासको लागि पशुपंछी विकास कार्यक्रमहरु कार्यन्वयनलाई व्यवस्थित, पार्दशिक, प्रभावकारी तथा परिमाणमुखी वनाउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३को दफा११को उपदफा २ (ण) र (द) मा व्यवस्था भए वमोजिम मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१.सन्क्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "आन्तरिक पशुपन्छी विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८१" रहेको छ ।

ख. यो कार्यविधि स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुदान" भन्नाले यस गाउँपालिकावाट विनियोजित वजेट अनुसारको स्वीकृत वमोजिम पशुपन्छी क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, वजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकरण, विविधिकरण, व्यवसायिकरण, आधुनिकीकरण, औधोगीकरण तथा गरिवी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानुन अनुसार लेखा लगायत वितिय उत्तरदायीत्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक, वस्तुगत सहायता पूवाधार विकास वा उपलब्ध गराईने पशुपन्छी सामग्री र उपकरण सम्झनु पर्छ ।

( ख ) " आवेदक " भन्नाले कार्यक्रम संचालनको लागि आवेदन दिएका पशुपन्छी तथा दुग्ध सम्वन्धित समूह /सहकारी/वहुउदेश्यीय सहकारी/ निजि फर्म /कृषक/कम्पनीलाई सम्झनु पर्छ ।

( ग ) " पशुपन्छी सामग्री" भन्नाले पशुपन्छी तथा मत्स्य उत्पादनमा प्रयोग हुने औषधि, नश्ल, भुरा, खोप, दाना,पोषण, जैविक तथा हर्मोन, तरल नाइट्रोजन, कृतिम गर्भधारण सम्वन्धी सामग्रीहरु,पशु सम्वन्धी यान्त्रिक

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

उपकरण(च्यापकटर,हट वाटर सोलार,काऊ लिफ्टींङ मेसिन, रवर म्याट,तथा अन्य उपकरणहरु) लगायतका पशुपन्छी तथा मत्स्य उत्पादनमा सहयोग पुर्याउने सामग्रीहरुलाई समेत सम्झनुपर्छ ।

( घ ) "कार्यक्रम" भन्नाले आर्थिक वर्ष ८१/०८२ मा मकवानपुरगढी गाउँपालिकाको गाउँ परिषदबाट स्वीकृत बजेटबाट संचालन गरिने कार्यक्रमहरुलाई बुझ्नु पर्दछ ।

(ङ) "लक्षीत वर्ग" भन्नाले आदिवासी ,जनजाति ,महिला ,दलित ,पिछडिएका वर्ग,अल्पसंख्या ,अपाङ्गता भएका व्यक्ति,कम आय ,एकल महिला ,सहिद परिवार सम्झिनु पर्दछ ।

( च) "आर्थिक विकास समिति" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४, बमोजिम गठित आर्थिक विकास समितिलाई सम्झिनु पर्दछ ।

(छ) "सम्वन्धित कार्यालय" भन्नाले मकवानपुरगढी गाउँपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु लाई सम्झिनु पर्दछ ।

(ज) "आपुर्त्ति कर्त्ता" भन्नाले यस गाउँपालिकामा सुचिकृत भई पशुपन्छी सम्वन्धि सामग्री उपलव्ध गराउने बिक्रेतालाई सम्झनु पर्दछ ।

(झ) "पशु फार्म,प्रा.लि.,कम्पनि" भन्नाले माउ गाई, भैंसी, कम्तिमा ५-१० वटा, पाडापाडी कम्तिमा १० वटा, बाख्रा २० वटा र बंगुर १० वटा पालन गरेको हुनुपर्ने छ ।

(ञ)"सहकारी संस्था"भन्नाले सहकारी ऐन ,२०७४ वमोजिम वा प्रचलित कानुन वमोजिम दर्ता भएका कृषि,पशुपालन वा दुघ उत्पादन/व्यवसाय सम्वन्धि कार्य गर्ने उदेश्यले स्थापित सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ट) " समुह वा समिति" भन्नाले स्थानीय तहमा वा कानुन वमोजिम दर्ता /सुचिकृत भएक पशुपालक कृषक समुह/समितिलाई सम्झनुपर्छ ।

३. उदेश्य : यस कार्यविधिको उदेश्य देहाय वमोजिम हुनेछ । कार्यक्रमहरुको पारदर्शी एवम प्रभावकारी कार्यन्वयनमा सहजीकरण गर्ने।

(क) अनुदान वितरण नितिलाई प्रकृयामुखि र परिमाणमुखि तर्फ लैजाने ।
(ख) पशुपालन क्षेत्रलाइ प्रतिस्पर्धात्मक बनाइ सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।
(ग) पशुपालनलाई यान्त्रीकरण,आधुनिकरण,व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर सृजना गर्ने ।
(घ) दुग्ध उत्पादन ,विविधिकरण तथा बजारीकरण गर्ने ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद- २

## कार्यक्रम संचालन प्रक्रिया

**४.प्रस्ताव आह्वान** : (१) गाँउपालिका/प्रदेश/संघबाट स्वीकृत कार्यक्रममा सहभागी हुन् इक्छुक आवेदकहरूलाई लक्षित गरी प्रस्ताव पेश गर्न २१(एकाइस) दिनको म्याद राखी अनुसूची १ बमोजिमको सार्वजनिक सुचना प्रकाशन गर्नुपर्नेछ ।

(२)उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोश्रो पटक ७ (सात) दिनको समय सिमा राखी १ (एक) पटकको लागि प्रस्ताव आवाहको सुचना प्रकाशन गर्न सक्नेछ ।

**५.प्रस्ताव दर्ता** : कार्यविधि परिच्छेद (५) अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएको मापदण्ड आधारभूत प्रसंगिक पक्ष पुरा गर्ने गरी इच्छुक आवेदकले आवस्यक कागजात सहित प्रस्ताव अनुसूची ३ र प्रतिबद्धता अनुसूची ४ बमोजिम पेश गर्नु पर्नेछ ।

**६.प्रस्ताव छनौट र जानकारी** : प्रस्ताव मुल्यांकन तथा छनौट कार्यको लागि अनुगमन तथा मुल्यांकन समितिले छनौट गरी यस गाउँपालिका अन्तर्गत रहेको आर्थिक विकास समितिमा पेश गरी पशुपन्छी विकास शाखाले कार्यविधिको अधिनमा रही कार्य सम्पादन गर्नेछ र स्वीकृत भएका प्रस्तावहरूको जानकारी र प्रस्ताव छनौट बारे निवेदक/गुनासो दर्ता आवेदकलाई ७(सात)दिनको समय सिमा राखी आशयको सुचना प्रकाशन गरिनेछ ।

**७.मुल्यांकन तथा अनुगमन** : कार्यक्रमको अनुगमन तथा मुल्यांकन यो कार्यविधि बमोजिम गठित अनुगमन तथा मुल्यांकन समिति, सम्बन्धित वडा कार्यालय तथा पशुपंन्छी तथा मत्स्य विकास शाखाले गरिनेछ ।

**अनुगमन तथा मुल्याङकन समिति**

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक | संयोजक |
| योजना तथा अनुगमन इकाई प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

( समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(१)मुल्याङकन तथा अनुगमन समितिको अनुगमन बापत प्रचलित कानुन अनुसार अनुगमन तथा बैठक भत्ता उपलब्ध गराऊने छ ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

८.अनुदानको सिमा र प्रतिशत: ( १ ) स्थानीय सरकारवाट स्वीकृत आन्तरिक पशु विकास कार्यक्रम अन्तर्गत उपलब्ध गराइने अनुदानको सिमा यस कार्यविधि अनुसार तोकेको बमोजिम हुनेछ । यसरी कार्यक्रमको प्रकृति अनुसार न्यूनतम ५० प्रतिशत र अधिकतम ८० प्रतिशतमा नबढ्ने गरि अनुदान उपलब्ध हुनेछ ।

(२) विगतका बर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु संचालनका लागि कुनै पनि सहकारी/ सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा सहभागी हुन पाइने छैन ।साझेदारले सम्झौत्ता गर्नु अघि सोहि प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलीएको प्रतिवद्धता पेश गर्नु पर्नेछ ।

९.सम्झौत्ता: ( १ )स्वीकृत प्रस्तावका आवेदकहरूसँग कार्यालयले अनुसूची ४ बमोजिमको सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

२.छनौट भएका आवेदकहरू सम्झौता गर्न समय सिमा भित्र नआएमा एवम तोकिएको अवधि भित्र सम्झौता हुन नसकेमा योग्यता कमको आधारमा छनौट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यक्रम कार्यान्वयन गरिने छ ।

## परिच्छेद- ३

## आर्थिक पक्ष

१०.भुक्तानी: सम्झौत्ता भएका साझेदारहरुले सम्झौत्ता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रही सोझै बैंक खातामा जम्मा हुनेगरी भूक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद- ४

## विविध

११.दोहोरोपना नहुने : यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ /प्रदेश/स्थानीय तहबाट कार्यन्वयन हुने कार्यक्रम तथा आयोजनासंग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यन्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाईएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित व्याज सहित असुल गरिनेछ ।

१२.कारवाहीको व्यवस्था: अनुदानग्राहीले सम्झौत्ता बमोजिम अनुदान रकम तथा अनुदान सामग्री लिई दुरुप्रयोग गरेको पाईएमा प्रचलित बमोजिम असूलउपर गरिनेछ ।

१३.संशोधन: आन्तरिक पशु विकाँस कार्यक्रम कार्यविधि, २०८१ संशोधन गर्न आवश्क परेको खण्डमा मकवानपुरगढी गाउँपालिकाको कार्यपालिकाको वैठकवाट गर्न सकिनेछ ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- १

( दफा – ४ को उपदफा (१) संग सम्बन्धित )

प्रस्ताव आह्वानको सूचना

यस मकवानपुरगढी गाउँपालिकाको आ.व.२०...../........ को स्वीकृत वार्षिक कार्यक्रम........................ गर्न चाहने सम्बन्धित निकाय दर्ता भएका कृषक उद्यमीहरुवाट प्रस्ताव आहवानको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक कृषक उद्यमीहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .....दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम र परियोजना प्रस्ताव सम्वन्धित पशुपंन्छी तथा मत्स्य विकास शाखाको कार्यालयमा पेश गर्नुहोला।पशु सेवा विभाग अन्तर्गतका निकायहरुवाट सन्चालन भएका यस किसिमको कार्यक्रमवाट विगतका ३ आर्थिक वर्षहरुमा रु. १ लाखसम्मको अनुदान सहयोग लिई कार्यक्रम संचालन गरेका कृषकहरु छनौटको प्रक्रियामा समावेष हुने छैनन् । विस्तृत जानकारीका लागि सम्वन्धित पशुपंन्छी तथा मत्स्य विकास शाखाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. अनुसूची-.... अनुसारको आवेदन फारम

२. अनुसुची... अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. आवेदक सम्वन्धित सहकारी निकायमा दर्ता/ नवीकरण/ स्थायी लेखा नम्वर र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि

५.सहकारी संस्थाको हकमा सम्वन्धित व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि।

६. समूह/ कम्पनि/संस्था/संघ/ सहकारी कार्यक्रम संचालन गर्ने सम्वन्धित वैठकको निर्णय प्रतिलिपि।

७. निर्माण कार्यको हकमा लागत स्टीमेट र मेसिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि।

८. समूह/ सहकारी/ समिति/ कम्पनि/ संस्था को कार्य समितिका पदाधिकारीहरुको नामावली।

९. कार्यक्रम संचालन गर्न जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि।

१०.सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - २

(दफा - ५ को उपदफा (१) संग सम्बन्धित)

........................ आवेदन-पत्रको फारम

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मकवानपुरगढी गाउँपालिकाको कार्यालय,
मकान्चुली,मकवानपुर

विषय: ............... लागि अनुदान पाउँ बारे ।

महोदय,

तहाँ कार्यालयको मिति........................को ........................ प्रकाशित सूचना अनुसार ........................मैले गाई/बाख्रा /कुखुरापालन व्यवसाय स्थापना वा संचालन गर्ने भएकोले तपसिल अनुसारका कागजात राखी यो निवेदन पेश गरेको छु ।उक्त कार्यक्रम प्राप्त भएमा यस सम्वन्धी संम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्वाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

निवेदक
नाम :
ठेगाना :
दस्तखत :

तपसिल

१. अनुसुची- अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. आवेदक सम्वन्धित सहकारी निकायमा दर्ता/ नवीकरण/ स्थायी लेखा नम्वर र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
५.सहकारी संस्थाको हकमा सम्वन्धित व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि ।
६. समूह/ कम्पनि/संस्था/संघ/ सहकारी कार्यक्रम संचालन गर्ने सम्वन्धित बैठकको निर्णय प्रतिलिपि ।
७. निर्माण कार्यको हकमा लागत स्टीमेट र मेसिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि ।
८. समुह/ सहकारी/ समिति/ कम्पनि/ संस्था को कार्य समितिका पदाधिकारीहरुको नामावली ।
९. कार्यक्रम संचालन गर्न जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।
१०.सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## भाग -१ कृषि समुह/सहकारी /कृषि फर्म को विवरण

१. कृषि समूह /सहकारी/ कृषि फर्म को नाम-:
२. कृषि समूह /सहकारी/ कृषि फर्म गटन भएको मिति-:
३. कृषि समूह सहकारी /कृषि फर्म को ठेगाना -:
४. तपाइको कृषि समूह /सहकारी/ कृषि फर्म कुनै सरकारी संस्थामा आवद्ध छ? छ भने सो संस्थाको नाम .........................................................दर्ता नं.
५. कृषि समूह /सहकारी कृषि फर्म कसरि गटन भएको हो?कसको सहयोगमा कृषि समूह /सहकारी/ कृषि फर्म गटन भयो?..............................
६. कृषि समूह/सहकारी/ कृषि फर्म गटनको खास उदेश्य के हो ?......................................
७. मासिक बचत छ वा छैन ?यदि छ भने कति ........................................
(क)बैंक ).....................................ख(खाता नं.............................

८ .कृषि समूह/ सहकारी/ कृषि फर्म कार्यान्वयनको प्रमाण

क (निर्णय )ख (नगदी खाता) ग(बैंक खाताको विवरण घ(दर्ता प्रमाण पत्र

ङ .(अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र

च.अन्य भए खुलाउनुहोस ..............................................................................................

९ .कृषि समूह/ सहकारी/ कृषि फर्म सदस्यताको विवरण

| क्र.स. | सदस्यको नाम | लिंग | पति/ पत्नीको नाम -: | खेति योग्य जमिन | पशु संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## भाग २ प्रस्तावित क्रियाकलाप

१.कार्यक्रमको शिर्षक-:

२.कार्यक्रमको विवरण-:

३.कार्यक्रमको महत्व -:

४.कार्यक्रमबाट हुने फाइदा-:

५. कार्यक्रमबाट स्थानिय अवसरहरुको कसरि प्रयोग हुन्छ ?

६कृषि समूह/सहकारी/कृषि फर्म बाट यस्ता कियाकलापहरु पहिलै भएको छ वा छैन ?

७.प्रस्तावित कार्यक्रमबाट सबै अथवा बाहुल्यता ,भएका समूह /सहकारी का सदस्य कसरि लाभान्वित हुन्छ ?

८.वातावरणीय दृष्टिकोण बाट उपयुक्त भए/ नभएको

**भाग- ३ आर्थिक पक्ष**प्रस्तावित कार्यक्रमको अनुमानित कुल लागत रु.

१. समूह/ सहकारी/फर्मको आफ्नो योगदान रु .
२. ..........................कार्यालयबाट माग गरेको अनुदान रकम रु.
३. प्रस्तावित कार्यक्रमको अनुमानित लागत विवरण
४. प्रस्तावित क्रियाकलाप कार्यान्वयन योजना
५. आवस्यक सरसामान कुन,कहाँ र कसरि छनौट गर्ने ?
६. कस्तो प्रकारको सर सम्मान को मार्फत प्राप्त गर्ने ?
८.परियोजना बाट उत्पादन हुने वस्तु को बजारीकरण कसरि हुने
९.श्रम तथा श्रम लागत व्यवस्थापन कसरि गर्ने?
१०. अन्य विवरण

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची – ३.

(दफा – ६ संग सम्बन्धित)

## प्रतिवद्धता पत्र

...............को मिति .........................................को सूचना अनुसार ...................................कार्यक्रम संचालनको सहभागिताको लागि इच्छुक भइ सोको प्रस्ताव पेश गरेको/छु /छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्यक्रममा उल्लेख भए बमोजिमको कार्य गर्नेछु। कार्ययोजना अनुसारको कार्य नगरेमा मकवानपुरगढी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिव्दत्ता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउला। साथै संचालीत क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यव्होरा तथा प्रतिवद्धता समेत व्यत गर्दछु/छौं।

आवेदकको तर्फबाट

नाम :

पद :

स्थानीय तहको नाम :

ठेगाना : बायाँ

सम्पर्क

दायाँ

दस्तखत :

मिति :

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची – ४

### (दफा – ९ को उपदफा (१) संग सम्बन्धित)

**सम्झौता पत्र**

........................वाट संचालन गरिने चालु आ.व. ...............को स्वीकृत कार्यक्रम ................................को लागि प्रदान गरिने अनुदानका निम्ति मकवानपुरगढी गाउपालिकाको कार्यालय, ............।(यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका फार्म ........................(यसपछि दोस्रो पक्ष भनिने) का विच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सन्चालन गरी सम्पन्न गर्न द्विपक्षिय सम्झौता गरिएको छ ।

**तपसिल**

१. प्रथमपक्षले दोस्रो पक्षलाई कार्यक्रम सन्चालनको लागि कार्ययोजना अनुसार प्रस्तावित कार्य सम्पन्न भएपछि स्थलगत अनुगमन पश्चात अनुदान रकम उपलब्ध गराइने छ ।

२. प्रथमपक्षवाट प्राप्त अनुदान सहयोगलाई दोस्रो पक्षले कम्तीमा पनि ३ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाइएमा निजवाट सो रकम सरकारी बाँकी सरह असुल उपरको लागि आवश्यक कारवाही चलाइने छ । व्यवसायवाट उत्पादित वस्तुको बजार व्यवस्था दोस्रो पक्षले गर्नुपर्ने छ ।

३. प्रथम पक्षले व्यवसायलाई सफल पार्न नियमित रुपमा व्यवसायको अनुगमन गर्नेछ ।

४. अनुदान प्राप्त संस्थाले प्रत्येक ६ महिनामा सम्वन्धित मकवानपुरगढी गाउपालिकको कार्यालयमा प्रगति प्रतिवेदन बुझाउनु पर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनैपनि भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. मकवानपुरगढी गाउपालिका र यस मातहतका निकायहरुवाट गरिने/ गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र यस अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोस्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| कार्यालयको तर्फवाट सहि गर्नेको | संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद: | पद : |
| दस्तखत : | दस्तखत : |

मकवानपुरगढी गाउँपालिका ... मकवानपुर

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची - ५

(परिच्छेद-२ को दफा - ७ संग सम्बन्धित)

................................................................... कार्यक्रमको मुल्यांकन फारम

| क्र. स | फार्मको नाम /सहकारी | ठेगाना | मुल्यांकनको आधार | | | | | | | कुल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पशु संख्या | कार्य योजना | तालिम | घाँस खेति | खोर/गोठ क्षेत्रफल | जैविक सुरक्षा | व्यवसायको सम्भाव्यता | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

छाप :

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद - ५

## कार्यक्रम र प्राविधिक पक्ष

### १४. पशु प्रजनन तथा नस्ल सुधार कार्यक्रम

यस गाउँपालिकामा भएका स्थानीय कम दुघ उत्पादन दिने गाइभैसीहरुलाई कृत्रिम गर्भाधान द्वारा नस्ल सुधार गरी दुधको उत्पादन र उत्पादकत्व बढाउनको लागि दुग्ध उत्पादक कृषक समुह/सहकारी संस्थाहरु मार्फत कृत्रिम गर्भाधान कार्यक्रम कार्यान्वयन गरिने छ । कृषकहरु गाईपालन प्रति आकर्षण हुने देखिन्छ ।

**उदेश्य**

- स्थानीय गाईभैसीमा कृत्रिम गर्भाधान सेवाद्वारा वर्णशंकर जातको बच्छावाछी र पाडापाडी उत्पादन गर्ने र उन्नत जातका गाईभैसी आपूर्तिमा वृद्धि गर्ने ।
- नक्ष्ल सुधार कार्य गरी दुध तथा मासु उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

**कार्य संचालन विधि**

(१)यस गाँउपालिका अन्तर्गत नक्ष्ल सुधारका कृत्रिम गर्भाधान कार्यको लागि कृत्रिम गर्भाधान गर्ने (इनसिमिनेटर)पशु प्राविधिकहरुलाई कृत्रिम गर्भाधानको सामग्रीहरु (रेफ्री , लिक्वीड नाईट्रोजन, सिथ,ग्लोव्स ,सिमेन आदि ) उपलब्ध गराई कृत्रिम गर्भाधान कार्यक्रम संचालन तथा विस्तार गर्ने ।

(२)यो कार्यक्रमबाट sex सिमेन खरिद गरी मकवानपुरगढी गाँउपालिका भित्र रहेको गाईहरुलाई नक्ष्ल सुधार गरी बढी भन्दा बढी दुघ उत्पादन लिन गुणस्तरीय सिमेन वितरण गरिनेछ र यो सिमेनबाट बाच्छी उत्पादन भई उन्नत नक्ष्लका गाईको संख्यामा वृद्धि हुनेछ । कृषकहरु गाईपालन प्रति आकर्षण हुने देखिन्छ ।

(३)यो कार्यक्रम यस गाउँपालिका भित्रको गाईलाई sex सिमेन दुग्ध सहकारी संस्था /फार्म समन्वयमा गर्नु पर्नेछ ।

**कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड र नर्म्स**

१.यस गाँउपालिका अन्तर्गत नक्ष्ल सुधारको लागि sex सिमेन दुग्ध सहकारी संस्था /फार्मको ५०% लागत सहभागीतामा गरिनेछ ।

२.कृत्रिम गर्भाधान कार्यको लागि सामग्रीहरु(रेफ्री,लिक्वीड नाईट्रोजन, सिथ ,ग्लोव्स ,सिमेन आदि )गाउँपालिकाले खरिद गर्ने, खरिद प्रक्रिया सार्वजनिक खरिद नियमावली अनुसार गरिनेछ ।

अनुगमन - यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट गरिनेछ ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## १५. पशु सेवा केन्द्र संचालन कार्यक्रम

यस गाँउपालिकाको वडाहरुमा धेरैभन्दा धेरै पशुहरुलाई पशु सेवा केन्द्र मार्फत ड्रेन्चिड, गर्भ जाँच , बन्ध्याकरण, सामान्य रोगहरुको जाँच आदि गरी पशुहरुमा शारीरिक तन्दुरुस्ती,उत्पादकत्वमा वृद्धि ल्याउन सकिन्छ । यस सेवा केन्द्र मार्फत सम्पूर्ण कृषकहरुले निःशुल्क सेवा प्राप्त गर्न सक्नेछन् ।

**उदेश्य**

- सेवा केन्द्र मार्फत पशुहरुको निःशुल्क उपचार सेवा प्रदान गर्ने ।
- पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउदै लाने ।
- उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आय श्रोतको रुपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने ।
- देशको पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा योगदान पुऱ्याउन विशेष पशु रोगहरुको नियन्त्रण सेवामा विस्तार गर्ने ।
- आयात प्रतिस्थापन तथा निर्यातमुलक पशुपन्छी उत्पादनबाट उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराई सहयोग पुर्याउने ।
- व्यवसायीक पशुपंछी पालन, त्यसको श्रोत विकास तथा संरक्षण सेवा तथा वजार व्यवस्थापनमा निजि क्षेत्रलाई संलग्न गराउने ।
- पशुपंछी उत्पादन क्षेत्र र सम्वन्धित उद्योग र व्यापारलाई प्रोत्साहन दिई स्वरोजगारको अवसरमा वृद्धि ल्याउने

**कार्य संचालन विधि :**

१.यस गाँउपालिकाको वडाहरुमा निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । सेवा केन्द्रमा ल्याइएको पशुहरुलाई साधारण रोगको उपचार,परजीवी नियन्त्रण,गर्भ परीक्षण, गोवर परीक्षण,वन्ध्याकरण र औषधि वितरण निःशुल्क गरिनेछ ।

**सेवा केन्द्रको प्राविधिकको काम र कर्तव्य**

१.पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गरी मासिक प्रगति पशु सेवा शाखामा पठाउने।

२. पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमसःसुधार गराउने ।

३ .सम्वन्धित वडाको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यन्वयन र प्रगति प्रेषण गर्ने ।

४. सम्वन्धित वडामा रहेका पशुपन्छीको तथ्यांक फार्म,दुग्ध उत्पादक स.स.ली.को रेकर्ड शाखामा पठाउने ।

५. सम्वन्धित वडामा आएका पशु सेवा शाखा मार्फतका कार्यक्रमहरू संचालन र सहजीकरण गर्ने ।

६.पशु सेवा शाखाबाट प्राप्त सम्पूर्ण खोपहरु नियमित रुपमा संचालन गर्ने ।

७. आकस्मिक रोगहरुको ivestigation गरी real TIME रिपोर्टीङ गर्ने ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

८.कृतिम गर्भाधान सेवा संचालन गरी प्रगति पशु सेवा शाखामा पटाउने।
९. LIVESTOCK, FEED SOURCES MAPPING गर्ने ।
१०.ANIMAL IDENTIFICATION AND REGISTRATION कार्यमा सहयोग तथा सहजीकरण गर्ने ।
११. इपिडेमियोलोजिकल रिपोर्ट नियमित रुपमा पशु सेवा शाखामा पटाउने ।
१२. राष्ट्रिय सुचिकृत रोगहरुको आउटब्रेक अन्वेषण सर्भिलेन्स र.नियन्त्रण गर्ने ।
१३. रोग परिक्षण र निदानको लागि आवश्यक नमुन संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पटाउने।
१४.भ्याक्सिन कोल्ड चेन प्रणली संचालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसंग समेत सम्वनय गरी पशु स्वस्थ्या क्षेत्रमा कोल्ड चेन सिस्टम विकास गर्ने ।
१५.सुचिकृत रोगहरुको सङ्का लागेमा तुरुन्तै नमुना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पटाउने र सोको जानकारी वा रिपोटिंग यथाशीघ्र सम्वन्धित निकाय पशु सेवा शाखामा गर्ने।
१७. वडामा कार्यरत पशु सेवा प्राविधिक्हरुको अभिलेख राख्ने र नियमित वैटक गरी सोवाट उटेको विषय पशु सेवा शाखामा जानकारी गराउने ।
१८.पशुपन्छीजन्य महामारी एव प्रकोप व्यवस्थापनमा पशु सेवा शाखासंग समन्वय र सहकार्य गर्ने।
१९.पशु सेवा शाखावाट प्राप्त भएको पशुपन्छीमा लगाइने खोपहरु नियमित रुपमा लगाउन भ्याक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण पशु सेवा शाखामा जानकारी गराउने।
२०.दुग्ध, फुल,मासुको रेकर्ड आध्यावधिक राख्ने र चौमासिक प्रगति प्रतिवेदन पशु शाखामा वुझाउने ।
२१. वडामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई वन्ध्याकरण तथा रेविज खोप लगाउने कार्य संचालन गर्ने।
२२. कुकुरको टोकाईवाट मानिसमा हुने रेविजलाई शुन्यमा झार्ने अभियानलाई सफल वनाउन स्थानीय स्तरमा रेविज नियन्त्रण कार्य संचालन गर्ने।
२३. छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघ संस्थासंग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने।
२४. पशु कल्याण सुनिचितताको लागि आवश्यक कार्य गर्ने।
२५. आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरु। राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोग रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरि नियमित रुपमा भ्याक्सिनेसन गर्ने ।
२६. सम्वन्धित वडामा पशु सेवा शाखा मार्फत वितरण भए गरेका कार्यक्रमको रेकर्ड अद्यावधिक गर्ने ।

**कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नम्स**

- पशु सेवा केन्द्र संचालनको लागि आवश्यक सम्पूर्ण औषधि तथा सामग्रीहरु खरिद ऐन नियमावली अनुसार खरिद गरीनेछ ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## १६. हरियो घाँस प्रबर्द्धन कार्यक्रम

पशुहरुबाट बढी तथा सस्तो दुधउत्पादन लिन हरियो घाँस प्रशस्त मात्रामा खुवाउनुपर्छ। जब सम्म बाह्रै महिना हरियो घाँस उत्पादन गरिँदैन तब सम्म पशुहरुबाट अधिक र सस्तो दूध उत्पादन लिन सकिँदैन। गाई भैंसीहरुलाई ३५-४५ के.जी. हरियो घाँस दैनिक खुवाएमा दानामा ६० प्रतिशत कटौती हुन जान्छ। हरियो घाँसबाट पशुहरुले अधिक मात्रामा प्रोटिन, कार्वोहाइड्रेड, इनर्जी, भिटामिन तथा मिनरल पाउँछन जसले गर्दा बढी दूध उत्पादन गर्नमा सहयोग गर्छ।

## उदेश्य

क. हरीयो घाँस खेति गरी पशु आहारको आपूर्ति तथा उत्पादन लागत कम गर्ने ।

ख. अनुदान वितरित नीतिलाई उत्पादनमा आधरित बनाउने।

ग. ठुला साना तथा सिमान्तकृत कृषकहरुलाई संगठित तथा व्यवसायमुखी बनाउने ।

घ. अनुदान वितरण प्रकृयालाई सरल सहज प्रभावकारी तथा पारदर्शी बनाउन ।

## कार्य संचालन विधि :

यस गाँउपालिका अन्तर्गत पशु व्यवसायमा संलग्न रहेका व्यवसाय कृषक/कृषक समुह/समिति/दुग्ध उत्पादक सहकारी संस्था/साना किसान/पशु फार्महरुलाई (हिउँदे/वर्षे/बहुवर्षे) घाँसको बीऊबेर्ना निःशुल्क वितरण गरिनेछ ।

## कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स

घाँसको बिऊ बेर्ना खरिद प्रक्रिया सार्वजनिक खरिद नियमावली अनुसार गरिनेछ ।

**अनुगमन –** यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट गरिनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## १८. कृषक संचित कोष स्थापना कार्यक्रम

यस गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाई यस गाउँपलिकाबाट दुध निकासी गरी यहाँका जनतालाई पशुपालन व्यवसायमा अग्रसर गराई स्वरोजगारको रुपमा अगाडी बढाउने उदेश्यका साथै दुध उत्पादन गर्ने कृषकहरुलाई दुध बिक्रि गरी भविष्यमा केहि भैपरी आँउदा अर्थात भविष्यमा केहि गर्नको लागि दुध उत्पादन किसान संचित कोष मार्फत दुध उत्पादन कृषकहरुलाई दुग्ध सहकारी मार्फत अनुदान दिई पशुपालन व्यवसायको विकास तथा विस्तार गर्ने गाउँपालिकको नीति तथा कार्यक्रम रहेको छ ।

**उदेश्य**

- अनुदान वितरित नीतिलाई प्रक्रियामुखी र परिमाणमुखी तर्फ लैजाने ।
- दुग्ध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।
- अनुदान सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने ।
- साना किसानहरुको समेत दुग्ध उत्पादन बजारमा प्रवाह गर्ने ।

**आवेदन**

- यो कार्यक्रममा यस गाउँपालिकामा दर्ता भएको दुग्ध उत्पादक सहकारी संस्थाले आवेदन दिन सक्नेछ ।
- यो कार्यक्रममा यस गाउँपालिकामा पशुपालन गरी दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध भएको हुनुपर्नेछ ।

**कार्यक्रम संचालनको विधि /शर्तहरू :**

- गाँउपालिकाबाट पचास पैसा, व्यक्तिबाट पचास पैसा, सहकारीबाट पचास पैसा गरी जम्मा एक रुपैया पचास पैसाको त्रिपक्षीय संचित कोष संचालन गर्ने र समय सापेक्ष रकम वृद्धि हुन सक्नेछ ।
- ५ बर्ष कोष फिर्ता गर्ने छैन ।
- खाता संचालन प्रत्येक सहकारीको छुटाछुटै एउटा खाता हुनु पर्नेछ ।
- खाता संचालन गर्ने व्यक्तिहरु संस्थाको अध्यक्ष/व्यवस्थापकको संयुक्तमा खाता संचालन हुनेछ ।
- संस्थाको प्रत्येक कृषकको रकम र संस्थाले जम्मा गरेको रकम एक मुष्ट बैंकमा राखी भौचर गाँउपालिकामा बुझाउनुपर्ने छ ।
- प्रत्येक कृषकको रेकर्ड छुटाछुट्टै राख्ने गरि अभिलेख तयार गर्नुपर्नेछ ।
- लागत साझेदारी नगर्ने सहकारीले यस कार्यक्रममा सहभागी हुने छैन।
- संहकारी संस्थाको विनियम अनुसारको व्याजदरमा रकम लगानी गर्नुपर्ने छ ।
- लगानी गरेको रकम ३ महिने किस्ता र मासिक ब्याज भुक्तानी गरी सम्वन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ ।
- लगानीको प्राथमिकता विशेष साना कृषकलाई गर्नुपर्नेछ।
- रकम लगानी दुहुना गाई /भैसी खरिद गर्नको लागि मात्र गरिनेछ ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

- ७० वर्ष उमेर पुरा भएपछि आफ्नो इच्छा हकवालालाई हस्तान्तरण हुनेछ ।
- बसाईसराई गरिजाने, दुर्घटना, मानसिक असन्तुलन भएको खण्डमा संचित कोष चाहिएको खण्डमा फिर्ता हुनेछ ।
- गत बर्षको दुधको रेकर्ड अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स**

- दुग्ध उत्पादन सहकारी संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम अनुसार संचालन गर्न देहाय वमोजिमको मापदण्ड हुनुपर्नेछ ।

१.दुग्ध उत्पादन सहकारी संस्थाले दैनिक कम्तिमा २०० लि.दुध संकलन गरेको हुनुपर्नेछ ।

२.बार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गरेको हुनुपर्नेछ ।

३.नियमित रुपमा बार्षिक साधारणसभा र लेखा परिक्षण गर्ने गरेको हुनुपर्नेछ ।

४.स्थायी लेखा नम्वर प्राप्त गरेको हुनुपर्नेछ ।

५.कर चुक्ता गरेको हुनुपर्नेछ ।

६.सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

७.सहकरी संस्थाले संस्थागत रुपमा दुध बिक्रि गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

८.विगतका बर्षहरुमा कुनै किसिमको कारवाही नपरेको हुनुपर्नेछ ।

९.दुग्ध उत्पादक सहकारी संस्थाले विगत १ बर्ष देखि नियमित कारोवार गरेको हुनुपर्नेछ ।

अनुगमन – यो कार्यक्रमको अनुगमन गाउँपालिकावाट गरिनेछ ।

...धन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## १९.मिल्क एनालाईजर सफ्टवेयर सेट वितरण दु.ऊ.स.स.हरु मार्फत

यस मकवानपुरगढी गाउँपालिकालाई पशुपालनमा आत्मनिर्भर बनाई यस गाउँपालिकाबाट पशुजन्य पदार्यको निकासी गरी यहाँका जनतालाई पशुपालन व्यवसायमा अग्रसर गराई स्वरोजगारको रुपमा अगाडी वढाउनुका साथै उत्पादित पशुजन्य पदार्थको मापनको लागि वैज्ञानिक तरिकाले लेखाजोखा राख्न र सरल तरीकाले बुझ्न सकिनेछ ।

### उदेश्य

- पशुपालन क्षेत्रलाइ प्रतिस्पर्धात्मक बनाई व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।
- अनुदान सहि,दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्ने ।
- पशुपालन व्यवसायलाई यन्त्रीकरण,आधुनिकरण,व्यवसायिकरण एवम् प्रतिस्पधात्मक बनाई स्वरोजगारको अवसर सृजना गर्ने ।
- पशुपालन व्यवसायमा एकरुपता ल्याउन ।

### कार्यक्रम संचालन कार्यविधि / शर्तहरू

- यस गाँउपालिका भित्र रहेका दुग्ध उत्पादक सहकारी संस्थाहरु मध्ये हाल सम्म यस उपकरण प्रयोग नगरेको, भौलोगिक विकटता र कमजोर आर्थिक अवस्था भएको संस्थाहरुलाई मिल्क एनालाईजर सफ्टवेयर सेट वितरण गरिने छ ।

- सहकारी संस्थाहरु गाउँपालिकासंग सम्झौता गरी कार्य आदेश लिई कार्यक्रम सचालन गर्नुपर्नेछ ।

**कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स**

- यो कार्यक्रम संचालनमा अनुदान रकम गाउँपालिकाबाट ५० प्रतिशत र सस्थाले ५० प्रतिशत( एक लाख पचास हजार) व्यहोर्नेछ ।

- खरिद प्रक्रिया आर्थिक ऐन नियमावली अनुसार संस्थाले खरिद गरिनेछ ।

**अनुगमन –** यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट गरिनेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

...राधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## २०. लोकल कुखुरा अनुवंशी संमक्षण कार्यक्रम

प्रस्तावना :

पछिल्लो समय नेपालमा कुखुरा पालन व्यवसाय भरपर्दो पेशाको रुपमा विकास भैरहेको छ । थोरै लगानी तथा सहि प्रविधिको प्रयोग गर्ने हो भने कुखरा पालनवाट पूर्ण रोजगारीका साथ मनग्य आम्दानी गर्न सकिन्छ। न्यून आय भएका अर्धवेरोजगार व्यक्तिका लागि थप आयआर्जन गर्न यो पेशा सहायक सिद्ध हुन सक्छ । यो पेशा थोरै जग्गा तथा कम लगानीमै सञ्चालन गर्न सकिन्छ । यो व्यवसाय गर्न धेरै ठूलो तालिमको आवश्यकता समेत पर्दैन। खासगरी खानेकुराको सवालमा लोकल भन्नासाथै उपभोक्ताहरु हुरुक्कै हुने गरेको पाइन्छ । लोकल जातका कृषि जन्य उपजहरु मन पराइनुमा तिनको विशिष्ट स्वाद र सुस्वास्थ्यसँग सम्वन्ध हुनु हो । जसमा विभिन्न उत्पादनहरुले भूमिका खेलेका हुन्छन् । लोकल पशुपक्षी र तिनको मासु, अण्डा आदि उत्पादनहरु कुखुराको हकमा पनि लोकल कुखुरा भन्नासाथ धेरैले पुर्खाका पालादेखि पालिँदै आएका तथा नेपालमा भित्रिएर यहाँको स्थानीय वातावरण र कमसल व्यवस्थापनमा पनि हुर्कनेगरी क्षमता विकास गरिसकेका फरक खालका कुखुरा भनेर वुझ्ने गर्दछन् ।

### उदेश्य

१.स्थानीय जातको कुखुरा लोप भइरहेको हुन्नाले लोकल जातको कुखुराको अनुवंशिक संरक्षण गर्ने उद्देश्य रहेको छ ।

२.आर्थिक स्थिति कमजोर भएका वर्गहरुको आयश्रोतमा वृद्धि गर्नका लागि लोकल कूखुरा पालन सम्वन्धी ज्ञान तथा सीप मुलक तालिम दिई उनीहरुको आयश्रोतमा वृद्धि गराउनुको साथै कुपोषणवाट वचाउनु यसको मुख्य उद्देश्य रहेको छ ।

३.ग्रामिण स्तरमा कुखुरा पालनवाट हुने फाइदाहरु स्थानिय श्रोत र साधनको समुचित प्रयोग गरी कुखुरा पालन व्यवसायवाट स्थानीय स्तरमा रोजगारी सृजना गर्ने ।

### कार्यक्रम संचालन विधि

१.यो कार्यविधिको परिच्छेद -२को दफा ४.५.६.७ बमोजिम हुनेछ ।

२. परिच्छेद -२ को दफा ४ (क) मा यो कार्यक्रमको हकमा नेपालि नागरिताको प्रमाण पत्रको प्रतिलिपि

(ख) जग्गाधनी प्रमाण पत्र वा जग्गा सम्झौता पत्र

(ग ) कर चुक्ता गरेको रसिदको फोटोकपी

ई. सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## कार्यक्रमको मापदण्ड

१.लाभग्राहीहरुलाई लोकल कुखुराका चल्ला उपलब्ध भए सम्म भए सम्म यस गाउँपालिका भित्र स्थानीय जातका लोकल कुखुराका चल्लालाई पहिलो प्राथमिकता दिनुपर्ने छ ।

२.खरिद गरिने लोकल कुखराका चल्लामा जातीय शुद्धता र निरोगी हुनुपर्नेछ ।

३.वितरण गरिएको चल्लामा कुनै किसिमको स्वास्थ्य समस्या देखिएमा पशु स्वास्थ्य प्राविधिकलाई जानकारी गराउनु पर्ने छ ।

४.वितरण गरिएको कुखुरावाट हुने सन्तान वृद्धिको लगत अनिवार्य रुपमा पालिका पशु सेवा शाखा वा वडा कार्यालय अन्तर्गत कार्यरत वडा पशु स्वास्थ्य प्राविधिक समक्ष पेश गर्नु पर्नेछ ।

५.छनौट भएका लाभग्राहीले न्युनतम ५० ओटा चल्ला पालन गर्नु पर्नेछ ।

६.लाभग्राहीलाई उपलब्ध गराइएको चल्ला विक्री योग्य भई विक्री भइसकेपछि प्राप्त आम्दानीबाट पुनःचल्ला खरिद गरी यो कार्यक्रमको निरन्तरता गरी रहनुपर्नेछ ।

७.लोकल कुखुराको चल्ला पालिकाले उपलब्ध गराउने छ ।

८. कुखुराको दाना ,औपधि,तालिम,तारजाली केहि मात्रामा पालिकाले दिइनेछ साथै नपुग कुखुराको दाना ,औषधी उपचार,तारजाली लगायत,खोर निर्माण,कुखुरा पाल्ने हुर्काउने ,विक्री गर्ने लगायत सम्बन्धित सम्पूर्ण व्यवस्थापनका कार्यहरू लाभग्राहीले गर्नुपर्नेछ ।

## लाभग्राही छनौटका आधारहरू

१.एकल महिला ,अपाङ्ग,विपन्न परिवार ,दलित ,जनजाति तथा आर्थिक अवस्था कमजोर भएको प्रमाण सहित वडा कार्यालयले सिफारिस गर्नुपर्ने ।

२. कुखुराको खोर कम्तिमा १०० वर्गफिट र १ कटा खुला क्षेत्रफलमा ६ फिट उचाईमा नेट जालीले बारिएको हुनुपर्ने छ ।

३.पर्यटक क्षेत्र ,बजार क्षेत्रलाई निषेधित गरीनेछ ।

## मूल्यांकनका आधारहरू :

| | |
|---|---|
| १.महिला लाभग्राही भएमा | ५ अंक |
| २.दलित /जनजाति भएमा | १० अंक |
| ३.घर परिवारको कुनै पनि सदस्य रोजगारी वा व्यवसाय नभएमा | १० अंक |
| ४.लाभग्राही एकल महिला भएमा | ५ अंक |
| ५.अपाङ्ग भएमा | ५ अंक |
| ६. पर्यटक क्षेत्र ,बजार क्षेत्र भएमा | १० अंक |
| ७.खोर निर्माण /कुखुरा चराउने खुल्ला टाउँ | ५ अंक |
| जम्मा | ५० अंक |

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स

- कूखुरा चल्ला खरिद गर्दा स्वीकृत दररेट तथा खरिद ऐन निमावली अनुसार खरिद गरिने व्यवस्था मिलाउनु पर्नेछ ।

**अनुदानको सिमा र प्रतिशत**

- यो कार्यक्रम संचालन गर्न अधिकतम ७० % अनुदान उपलब्ध गराउने छ ।

**. यस कार्यक्रमको लागत अनुमान कार्यक्रम  कुल वजेट ।**

१.लाभग्राहीको आवश्यता र प्राथमिकताको आधारमा लागत अनुमान प्रविधिकवाट स्टिमेट गराई सिफारिस आए वमोजिम हुनेछ ।

२. स्वीकृत कार्यक्रम बजेटको अनुगमन ,मुल्यांकन, तालिम, औषधी र कृषक छनौट व्यवस्थापन खर्च वढीमा १०% सम्म हुन सक्नेछ ।

**अनुगमन –** यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट गरिनेछ  ।

प्रमुख प्रशासकीय अधिकृत

## २१. गाँउपालिका र दु. उ. स. सं.को समन्वयमा स्वदेश तथा विदेश नमुना पशु फार्म भ्रमण

अनुभवहरु आफ्नो व्यवहारमा उतार्न भ्रमणको आवश्यक पर्दछ ।नमुना फर्ममा पशुपालन कसरी हुँदैछ , कस्तो कस्तो तरीका अपनाई फर्ममा लागत कम गर्दै छ भन्न कुराको ज्ञान लिनका निमित पनि देश विदेशको भ्रमण पर्नु पर्दछ । भ्रमणवाट सिकेका कुराहरुलाई उसले आफ्नो हैसियत अनुरुप व्यवहारिक रुपमा लागू गर्न सक्षम पनि हुन्छ ।त्यसैले अनुभवहरुवाट आफ्ना अनुभूतिहरुलाई निखार्दै अगाडि वढ्नका लागि भ्रमण अत्यन्तै महत्वपूर्ण हुनुपर्दछ।अनुभवका आधारमा नै मानिसले आफ्नो भविष्यको मार्गचित्र पहिल्याउँछ र सोही मार्गचित्रमा रहेर आफ्ना भविष्यका लक्ष्यहरुमा मलजल गर्ने मौका प्राप्त गर्दछ । त्यसैले पनि जीवनमा भ्रमणले मानिसलाई परिपक्वतातर्फ उन्मुख गर्नका लागि मद्दत पुर्याउँदछ ।

### उदेश्य

- नयाँ नयाँ प्रविधिवारे जानकारी लिन ।
- निर्वाहमुखी व्यवसायलाई व्यवसायमुखी वनाउने तरीका वारे ज्ञान लिन ।

### कार्यक्रम संचालन विधि/शर्तहरू

- यो कार्यक्रम गाँउपालिका भित्र रहेका दुग्ध उत्पादक सहकारी संस्थाका कृषकहरुलाई छनौट गरी यस कार्यक्रमा सहभागी गरिनेछ ।

### कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स

- यो कार्यक्रम संचालनमा अनुदान रकम गाउँपालिकावाट तिन लाख मात्र र वाँकी रकम सहकारी संस्थाले वेहोर्नु पर्नेछ ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## २२. गाँउपालिकामा सुचिकृत पशु फार्म परजीवी नियन्त्रण  कार्यक्रम

पशुहरुमा दुई किसिमका परजीवी लाग्छ । वाह्य ( जुम्रा,किर्ना) परजीवी र आन्तरिक (नाम्ले, जुका) परजीवी । यी जनावरहरुले पशुहरुको सम्पूर्ण रोगहरु मध्यको ७० प्रतिशत नोक्सान पुर्याउँछ । कृषकहरुले पालिएका पशुहरु स्वस्थ र निरोगी राख्नको लागि बर्षको कम्तिमा दुई पटक अनिवार्य रुपमा परजीवी विरुद्धको औषधि उपचार गर्नुपर्नेछ । पशुपालक कृषकहरुलाई लक्षित गरी गाँउपालिका भित्र हरेका पशु सेवा शाखामा सुचिकृत हुने कृषकहरुलाई लक्षित गर्दै यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**उदेश्य**

-पशुहरुलाई रोग लाग्न नदिने ।

-स्वच्छ र सफा दुध उत्पादन गर्ने  ।

-दुध उत्पादनमा एकरुपता ल्याउने ।

-समयमै वाली जाने ।

**कार्यक्रम संचालन विधि**

- पशुहरुमा लाग्ने परजीवी नियन्त्रणका लागि मकवानपुरगढी गाँउपालिका पशु सेवा शाखाले सुचिकृत किसानहरुलाई औषधि निःशुल्क उपलब्ध गराउनेछ ।
- यस कार्यक्रममा सहभागी हुनको लागि पशु सेवा शाखामा सुचिकृत गरेको हुनुपर्नेछ ।
- पशु फार्मले  पशु शाखामा रहेको सुचिकृत दर्ता किताबमा समयमै आर्थिक बर्षको नवीकरण गरेको हुनुपर्नेछ ।

**कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स**

- यो कार्यक्रम संचालनमा लाग्ने परजीवी नियन्त्रणको औषधी खरिद पशु सेवा शाखाले खरिद नियमावली अनुसार खरिद गरि निःशुल्क वितरण गर्नेछ ।

**अनुगमन –** यो कार्यक्रमको अनुगमन पशु सेवा शाखा मार्फत गरिनेछ  ।

सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## २३..रेविज रोग नियन्त्रण /कुकुर वन्ध्याकारण तथा खोप कार्यक्रम

प्रस्तावनाः

रेविज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो संशयको रुपमा विधमान रेविज रोगका कारण पशुपालक कृषकहरुले वर्षेनी ठूलो आर्थिक क्षेति व्यहोर्दै आएका छन् । अतः कुकुरको बन्ध्याकरण र रेविज खोपको मध्यमवाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरि जनस्वास्थ्य एवं पशुधन संमक्षणमा टेवा पुर्याउने उदेश्य अनुरुप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उदेश्यका साथ यस कार्यक्रम राखिएको हो ।

### परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ ;**

१ यो कार्यविधिको नाम **"कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१"** रहेको छ ।

२ . यो कार्यविधि कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादक गर्न प्रायोजनको लागि कार्यपालिकावाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्झनु पर्नीछ ।

२. **"विभाग"** भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

३. **"कार्यालय"** भन्नाले मकवानपुरगढी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

५. **"गाउँपालिका"** भन्नाले मकवानपुरगढी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

६. **"शाखा"** भन्नाले मकवानपुरगढी गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्नेछ ।

**३. उदेश्यः** यो कार्यविधिको उदेश्य देहाय वमोजिम हुनेछ ।

क. मकवानपुरगढी गाउँपालिका पशु सेवा शाखाको नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
ख. कुकुर बन्ध्याकरण तथा रेविज विरुद्ध खोप मकवानपुरगढी गाउँपालिका र अन्य संघ संस्थाहरुसंग सहकार्यमा संचालन गर्ने ।
ग. कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण गर्न जनचेतनामुलक सामग्री तयार गरी सुसुचित गर्ने ।
घ.संक्रमित जनावरको टोकाईका कारण रेविज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनीकरण गर्न सहयोग पुराउने ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सुदन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद २

**कार्यक्रम संचालन प्रक्रिया** : (१) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी मकवानपुरगढी गाउँपालिकाले पशु कल्याणमा संलग्न संघ/संस्था र भेटेरिनरी क्लिनिकसंग सहकार्यमा संचालन गरिने छ । सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ ।सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ ।

(२) यस कार्यक्रममा सामुदायिक पोथी कुकुरहरुको मात्र बन्ध्याकरण गरिने छ पोथी कुकुरको संख्या कम भएमा भाले कुकुरलाई पनि बन्ध्याकरण गरिने छ ।

(३) रेविज खोप यथासंभव स्वदेशी प्रयोग गर्नुपर्नेछ ।

(४) मकवानपुरगढी गाउँपालिका पशु सेवा शाखाले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेविज भ्याक्सिनेसन कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(५) रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समयभित्र सम्पन्न गर्नु पर्नेछ ।

(६) रोग सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न सुचनामुलक सामग्री तयार तथा वितरण गर्नुपर्नेछ ।

(७) सम्पन्न कार्यको प्रगति विवरण मकवानपुरगढी गाउँपालिका पशु सेवा शाखामा नियमित अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(८) संघ/ संस्थाहरुको मुल्यांकन गर्ने आधार निम्न अनुसार हुनेछ ।

१. संघ/ संस्थाहरुको दर्ता र नवीकरण (३०अंक)

२. संस्थाले हालसम्म पोथी कुकुर बन्ध्याकरण गरेको संख्या (४०अंक)

३. संघ संस्थामा उपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण (३०अंक)

   १. पशु चिकित्सकको संख्या (१५अंक)

   २. पशु चिकित्सकको सम्वन्धित क्षेत्रमा अनुभव (१५अंक)

   जम्मा अंक १००

(९ ) आवेदक संघ/संस्थाहरुको छनौटको लागि प्राविधिक मुल्यांकन समितिको गठन निम्न अनुसार हुनेछ ।

| | |
|---|---|
| १. मकवानपुरगढी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. मकवानपुरगढी गाउँपालिका आर्थिक विकास समिति संयोजक | - सदस्य |
| ३. मकवानपुरगढी गाउँपालिका पशु सेवा शाखा प्रमुख | - सदस्य सचिव |

आवश्यकता अनुसार २ जना सम्म सदस्य थप गर्न सकिने छ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ३

**५. कार्यक्रम अनुगमन तथा मुल्याकन** ; १ ).यस कार्यक्रमको अनुगमन र मुल्याकन मकवानपुरगढी गाउँपालिका आर्थिक विकास समिति, पशु सेवा शाखाबाट हुनेछ ।

**६.आर्थिक कार्यविधि:**(१) सहकार्यमा छनोट भएका पशु कल्याणमा संलग्न संघ/संस्था,स्थानिय निकाय र भेटेरीनरी क्लिनिकलाई मकवानपुरगढी गाउँपालिका पशु सेवा शाखाबाट प्रति कुकुर रु २५००/-(अक्षेरुपी दुई हजार पांच सय मात्र) का दरले वजेट उपलब्ध गराईने छ । सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी सर्जिकल सेवा ,रेविज खोप, कुकुरलाई आवश्यक आहारा तथा अन्य सम्वन्धित संघ वा संस्थाले गर्नुपर्नेछ । प्रति कुकुर बन्ध्याकरण गर्दा माथि उल्लेखित रु २५००/-(अक्षेरुपी दुई हजार पांच सय मात्र) मा थप आवश्यक पर्ने रकम साझेदारले व्यहोनु पर्नेछ ।

(२) कार्यक्रम सम्पन्न भैसकेपछि सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत सम्वन्धित सुपरिवेक्षणको प्रतिवेदन समेत मकवानपुरगढी गाउँपालिका पशु सेवा शाखा उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिइनेछ ।

(३) यस कार्यका लागि तपशिल वमोजिमका क्रियाकलापहरुमा निम्नानुसार रकम खर्च गर्न सकिने छ ।

| क्.स | क्रियाकलापहरु | लक्ष्य | लागत | जम्मा वजेट रु . |
|---|---|---|---|---|
| १. | कार्य संचालन गर्नको लागि सूचना प्रेषण तुल ,व्यानर तथा अन्य लजिस्टिक | १ पटक | २००००\|- | २००००\|- |
| २. | चीया पान | ३ पटक | ५०००\|- | ५०००\|- |
| ३. | पोथी कुखुरालाई बन्ध्याकरण तथा रेविज खोप | ९० वटा | २५००\|- | २,२५,०००\|- |
| | जम्मा | | | २,५०,०००\|- |

(क) जुन खर्च शीर्षकमा रकम उपलब्ध भएको छ सोही शीर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।

(ख) कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै विल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनुपर्नेछ ।

(ग) माथि उल्लेखित प्रक्रिया अवलम्वन गर्न सम्भव नभएमा आर्थिक विकास समिति मार्फत कार्यपालिकाबाट स्वीकृत गरी रु . २,५०,०००\|- नवइने गरी पशु सेवा शाखा मार्फत पनि संचालन गर्न सकिने छ ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

...धुम तिमिल्सिना
प्रमुख प्रशासकीय अधिकृत

## २४. पशु स्वास्थ्य शिविर र उपचार तथा खोप कार्यक्रम

पशु स्वास्थ्य शिविर मार्फत यस गाउँपालिकाको दुर्गम वडाहरुमा धेरै भन्दा धेरै पशुहरुलाई पशु स्वास्थ्य शिविर मार्फत ड्रेचिंङ्ग,गर्भजांच,बन्ध्याकरण,सामान्य रोगहरुको जांच आदि गरी पशुहरुमा शारीरिक तन्दुरुस्ती,उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउन सकिन्छ ।

### उदेश्य

- पशुहरु स्वस्थ रहने समयमा वालि जाने ।
- बोका बाखार्मा चाडै मासु लाग्ने तथा स्वस्थ मासु उत्पादन ।
- स्थानीय तहमा रहेका पशु वस्तुको लागि उपचार र खोपको उपयोग हुने ।
- आकस्मिक रोगहरुबाट बच्नको लागि उपचार र खोपको उपयोग हुने ।

### कार्य संचालन विधि

- यस गाउँपालिकाको वडाहरुमा एक दिने निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गरिनेछ । शिविरमा ल्याइएको पशुहरुलाई साधारण रोगको उपचार,परजीवी नियन्त्रण,गर्भ परिक्षण,बन्ध्याकरण र औषधी वितरण निः शुल्क गरिनेछ ।

### कार्यक्रमको आर्थिक पक्ष/ खर्च मापदण्ड र नर्म्स

- पशु स्वास्थ्य उपचार कार्यक्रम संचालनको लागि आवश्यक सम्पूर्ण सामाग्रीहरु खरिद गरी गाउँपालिकाको पशु सेवा शाखाले प्राविधिक व्यवस्थापन समेत गर्नेछ ।

### भ्याक्सिनेशन कार्यक्रम

मकवानपुरगढी गाउँपालिका पशुपालन क्षेत्रमा जिल्लाकै अग्रणी स्थानमा रहेको छ । पशुहरुमा लाग्ने विभिन्न सरुवा रोग (खोरेत,भ्याकुते, पिपिआर, लम्पी स्किन) समय समयमा देखापर्ने भएकोले पशुहरुको स्वास्थ्य अवस्थामा धेरै ठुलो असर(उत्पादन घट्ने, मृत्यु समेत हुने) गर्ने भएको हुँदा यी सबै रोगको समयमै भ्याक्सिनेसन कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ ।

### उदेश्य

- सरुवा रोगहरुको संक्रमण हुनबाट जोगाउने ।
- समयमै भ्याक्सिनेसन कार्यक्रम संचालन गर्ने ।
- आकस्मिक रोगहरुबाट बचाई उत्पादन वढी लिन ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
सुदर्शन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

## कार्यक्रम संचालन विधि

- यस गाउँपालिका भित्र रहेका दुग्ध उत्पादक सहकारी संस्था,समुह,समिति,व्यवसायीक पशुपालक कृषकहरुको पशुहरुमा निःशुल्क भ्याक्सिनेसन (खोप) कार्यक्रम संचालन गर्ने ।
- भ्याक्सिनेसन कार्यक्रम संचालनको लागि आवश्यकता अनुसार पशु प्राविधिकहरुको भर्ना गर्नेछ ।

## कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड र नर्म्स

- भ्याक्सिनेसन कार्यक्रम संचालन गर्न आवश्यक भ्याक्सिन तथा सामग्रीहरुको व्यवस्थापन गाउँपालिकाको पशु शाखाले गर्नेछ ।

## प्रचार/प्रसार

- खोप कार्यको महत्व,खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्वन्धमा वडा तथा टोल स्तरीय अभिमुखीकरण तथा प्रचार प्रसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## खोप कार्यको अनुगमन

- खोप कार्यको अनुगमन पशु सेवा शाखाले आवश्यकता अनुसार गर्नेछ ।

## खोपको प्रभावकारिता मुल्यांकन

- खोपकार्यको प्रभावकारीता मुल्यांकनको लागी पशु सेवा शाखाले सम्वन्धित वडा कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## खोपकर्ताको पारिश्रमिक तथा सुविधा सम्वन्धी व्यवस्था :

- कार्यालयले खोपकर्तालाई गाई/भैसीमा खोप लगाए वापत २०।- रुपैयाँ, भेडा/बाख्रा/बंगुर मा १०।- रुपैयाँ र घरपालुवा पन्छी मा १।- रुपैयाँ को दरले पारिश्रमिक व्यवस्था मिलाउने छ ।

नोटः अन्य संक्रमित रोग विरुद्ध खोप लगाए वापत खोपकर्तालाई प्रदान गरिने पारिश्रमिक यही बमोजिम हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय

मकवानपुर

प्रमुख प्रशासकीय अधिकृत

## २५.कार्यक्रमको नाम :उत्पादनमा आधरित दुघमा प्रोत्साहन अनुदान कार्यक्रम

यस मकवानपुरगढी गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाई यस गाउँपालिकाबाट दुध निकासी गरी यहाका जनतालाई पशुपालन व्यवसायमा अग्रसर गराई स्वरोजगारको रुपमा आगाडी बढाउने उदेश्यका प्रदेश सरकारबाट प्राप्त अनुदान रकम दुग्ध उत्पादन कृषकलाई दुग्ध सहकारी संस्था मार्फत अनुदान दिई पशुपालन व्यवसायको विकास तथा विस्तार गर्ने ।

**उदेश्य :**

- अनुदान वितरण नीतिलाई प्रक्रियामुखी र परिमाणमुखी तर्फ लैजाने ।
- दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवम दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।
- अनुदान सहि दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुपयोग गर्न ।
- साना कृषकहरुको समेत दुध उत्पादन संगठित बजारमा प्रवाह गर्न ।

**मापदण्डक आधारहरु :** (१) दुग्ध उत्पादन सहकारी संस्थाले यस कार्यक्रम संचालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछ ।

क. दुग्ध उत्पादन सहकारी संस्थाले दैनिक कम्तिमा २०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ ।
ख. वार्षिक कम्तिमा २०० दिन सम्म दुधको कारोवार गर्ने गरेको हुनु पर्ने ।
ग. नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्ने ।
घ. स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।
ङ. कर चुक्ता गरेको हनुपर्ने छ ।
च. सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर भित्र परेको हुनु पर्नेछ ।
छ. सहकारी संस्थाले सस्थागत रुपमा दुध विक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।
ज. विगतका बर्षहरुमा कुनै किसिमको कारवाहीमा नपरेको हुनु पर्नेछ ।
झ. दुग्ध उत्पादन सहकारी संस्थाले विगत १ बर्ष देखि नियमित गरेको हुन् पर्नेछ ।

**कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड र नर्म्स**

उत्पादनमा आधरित दुघमा प्रोत्साहन अनुदान कार्यक्रम संचालनमा प्रदेश सरकारबाट वितरित अनुदान रकम यस मकवानपुरगढी गाउँपालिकाको दुग्ध उत्पादन सहकारीहरुलाई दुघ उत्पादनको आधारमा प्रोत्साहन रकम बाँडफाँड गरिनेछ । अनुदान रकम दुग्ध उत्पादक सहकारी संस्था लि. मार्फत कृषकहरुले प्राप्त गर्ने छन।

**मुल्यांकन तथा अनुगमन –** यो कार्यक्रमको अनुगमन गाउँपालिकाबाट हुनेछ ।

# दुघ उत्पादक सहकारी सस्थाले दिने आवेदन — पत्रको ढाँचा

श्री पशु सेवा शाखा

मकवानपुरगढी- ३ मकान्चुली

विषय : कार्यक्रममा सहभागी हुन पाउँ ।

प्रस्तुत् बिषयमा मिति २०८१/.../...मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी सँस्था लिमिटेडको दुग्ध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल विवरण र अन्य आवश्यक कागजात समेत संकलन गरि आवेदन पेश गरेका छौं ।

तपसिल :

(१) कुल सदस्य संख्या

(२) कुल सदस्य मध्ये दुग्ध उत्पादक सदस्य संख्या :

(३) गत बर्ष कुल दुध संकलन लि. ( औषत दैनिक .......... लि. मासिक ..........लि. र बार्षिक .......लि.)

(४) गत बर्ष दुघ कारोवार गरेको दिन अंकमा ................अक्षरमा ..........................................

(५) गत बर्ष कुल अधिकतम दुघ संकलन ........................महिना, ............................लि.

(६) गत बर्ष कुल न्यूनतम दुघ संकलन ..........................महिना , ...........................लि.

(७) सँस्थाबाट संकलित दुघ बिक्रि गरिने सस्था/ सस्थांन/ आयोजना आदिको नाम र ठेगाना :

(क ) ..................................................................

(ख ) ..................................................................

(ग ) ..................................................................

(घ ) ..................................................................

(ङ ) ..................................................................

(८) दुघ बिक्रि गरेको प्रमाण सम्बन्धी कागजात ( संलग्न गर्नुपर्ने )

(९) वार्षिक साधारण सभा भएको गत बर्षको प्रमाण ( प्रतिलिपी संलग्न गर्नुपर्ने )

(१०) जम्मा संकलन केन्द्र संख्या :

(११) रेकर्ड राख्ने कम्प्युटरको प्रयोग भएको/नभएको :

(१२) दुघको गुणस्तर परिक्षण गरि रेकर्ड राखी/ जानकारी दिने गरेको/ नगरेको :

(१३) मिल्क एनालाईजरको प्रयोग भएको/ नभएको :

(१४ ) सम्बन्धित वडा कार्यालयको सिफारिस (संलग्न हुनुपर्ने

( १५ ) दुघ विविधिकरण र बिक्रि वितरण गरेको/ नगरेको :

गरेको भए :

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ ............................................

(ख ) दैनिक औषत परिमाण ...................................................

(ग ) बिक्रि गर्ने बजार/स्थल ....................................................

(१६) सहकारी दर्ता/नवीकरणको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने )

(१७) कुनै प्रकारको कारवाहीमा नपरेको बारेको स्वघोषणा (संलग्न गर्नुपर्ने )

( १८) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड (संलग्न गर्नुपर्ने )

(१९) कर चुक्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने )

( २०) दुध बिक्रेता सदस्यको वितिय/संस्थामा रहेको खाताको विवरण :

| क्र.स | नाम/थर | ठेगाना | वितिय/सहकारी संस्थाको नाम/ठेगाना | खाता नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदक

पदाधिकारीको नाम/थर :

पद :

दस्तखत :

मिति :

सम्पर्क नं :

सहकारी संस्थाको नाम र ठेगाना :

सहकारीको संस्थाको छाप :

प्रमुख प्रशासकीय अधिकृत